**आज मिति २०८१ माघ महिनाको २८ गते नेपाल सम्वत ११४५ सिल्लाथ्व त्रयोदशी सोमवारको दिन विहान ११ बजे पालुङ्टार नगरपालिकाका नगरप्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | [signature] |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | [signature] |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | [signature] |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | [signature] |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | [signature] |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | [signature] |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | [signature] |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | [signature] |

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | राम जनम चौधरी | योजना शाखा | | |

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ९५

मितिः २०८१/१०/२८
ने.स ११४५ सिल्लाथ्व त्रयोदशी सोमबार

**कार्यपालिका बैठकका प्रस्तावहरु**

१। समिक्षा।
२। पुष महिनामा भुक्तानी भएको योजनाको फरफारक गर्ने सम्वन्धमा।
३। पुष महिनामा अनुगमन भएको योजनाको प्रतिवेदन पेश गर्ने सम्वन्धमा।
४। कार्यविधिहरु छलफलका लागि विषयगत समितिमा पठाउने सम्वन्धमा।
५। समपुरक/ विशेष अनुदान पेश गर्ने सम्वन्धमा।

६। विविध।

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषयः** पुष महिनामा भुक्तानी भएका योजनाको फरफारक सम्वन्धमा ।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०८१-१०-२४**

**१. बिषयको संक्षिप्त व्यहोराः**

पालुङ्टार नगरपालिकाले पुष महिनामा कार्य सम्पन्न भई भुक्तानी मागका लागि आएको योजनाहरुको रित पुर्वक भुक्तानी भएको विवरण कार्यपालिकाबाट फरफारक पर्ने भएको ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ७६ उपदफा ३ र दफा ८४ उपदफा २ (ङ) साथै स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको सूचकहरुमा एक सूचकको रुपमा रहेको ।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

यस नगरपालिकाबाट कार्य सम्पन्न भई भुक्तानी भएको योजनाहरुको विवरण सम्पुर्ण कार्यपालिकाको सदस्यलाई जानकारी दिने तथा पारदर्शिता जवाफदेहीता वृद्धि गर्न आवश्यक भएकोले यो पस्ताव पेश गरिएको छ ।

**४. निर्णय हुनेपर्ने व्यहोराः**

- पुष महिनामा भुक्तानी भएको अनुसूचीमा सङ्लग्न योजनाहरु फरफारक गर्ने ।

# प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१०-२८ गतेको नगर कार्यपालिकाको ९५ औ बैठकमा पुष महिनामा भुक्तानी भएको योझनाको फरफारक गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

२०८१/१०/३०

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषयः** पुष महिनामा योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन पेश सम्वन्धमा ।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०८१-१०-२४**

**१. विषयको संक्षिप्त व्यहोराः**

पालुङटार नगरपालिका योजना तथा कार्यक्रम मध्ये पुष महिनामा भएका अनुगमनको प्रतिवेदन पेश गर्नु पर्ने कानुनी व्यवस्था भएको ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १६ उपदफा ४ (ख) र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको सूचकहरुमा एक सूचकको रुपमा रहेको ।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहमा संचालित योजना तथा कार्याक्रमहरुको अन्तिम अनुगमन गरि सामाजिक / आर्थिक पक्षहरुको अवलोकन निरिक्षण अनुगमन गरि सोको जानकारी कार्यपालिकाकालाई दिनु पर्ने कानुनी व्यवस्था रहेकोले यो प्रस्ताव पेश गरिएको ।

**४. निर्णय हुनेपर्ने व्यहोराः**

- पुष महिनामा अनुगमन समिति मार्फत अनुगमन भई भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गरिएको अनुसूची १ बमोजिमका योजनाहरुको विवरण अनुमोदन गर्ने ।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१०-२८ गतेको नगर कार्यापलिकाको ९५ औ बैठकमा पुष महिनामा अनुगमन भएका योजना तथा कार्यक्रमको अनुमोदन गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

२०८१।१०।३०

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषय**: कार्यक्रम संचालन कार्यविधि, तथा हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि छलफलका लागि विषयगत समितिमा पठाउने।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति: २०८१-१०-२४**

**१. बिषयको संक्षिप्त व्यहोरा:**

स्थानीय तहमा हाटबजारको प्रभावकारी संचालन तथा व्यवस्थापन सुनिश्चित गर्न आवश्यक कार्यविधि निर्माण प्रक्रियामा थप छलफल आवश्यक देखिएको छ। यस सन्दर्भमा, **स्थानीय सरकार संचालन ऐन,** २०७४ को सम्बन्धित व्यवस्थाको आधारमा सो विषयलाई विषयगत समितिमा पठाई आवश्यक सुझाव संकलन गरी अन्तिम रुप दिने उद्देश्यले प्रस्ताव पेश गर्न लागिएको छ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को विभिन्न प्रावधानहरूले स्थानीय तहलाई हाटबजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीति निर्माण, कार्यविधि तर्जुमा, कर तथा शुल्क निर्धारण, अनुगमन तथा व्यवस्थापन गर्न स्पष्ट अधिकार प्रदान गरेको छ। ऐन को दफा ११ (ञ), ११ (ण) ले दिएको अधिकारले यो कार्यविधि बनाउन सक्ने।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीस:**

स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुजन्य उत्पादनको विक्रि वितरण गरि स्थानीय स्तरमा नै रोजगारको सृजना आर्थिक गतिविधिको संचालन, बजार व्यवस्थापन गरि विक्रता र क्रेतालाई जोड्ने सेतुको रुपमा कार्य गर्न महत्वपुर्ण भुमिका रहने भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले यो कार्यविधि बनाउन सक्ने।

**४. निर्णय हुनुपर्ने व्यहोरा**

कार्यविधि बनाउदा यसको प्रभाव कार्यन्वयन गर्ने सक्ने आधार समेतको कुराहरुलाई ख्याल राख्नु पर्ने भएकोले यो कार्यविधि निर्माण गर्न विषयक्षेतगत समिति/ विधायन समितिबाट छलफल भई आउदा सहभागीतामुलक तथा अपनत्व वृद्धि भई कार्यान्वयन गर्न सहज हुने भएकोले समितिमा छलफलका लागि पठाउने॥

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१०-२८ गतेको नगर कार्यपलिकाको ९५ औ बैठकमा पालुङटार नगरपालिकाको कार्यक्रम संचालन कार्यविधि संसोधन तथा हाटबजार संचालन तथा व्यवस्थापन कार्यविधि गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो कार्यविधिलाई सम्वन्धित विषयगत समितिमा छलफलका लागि पठाउने ।

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पालुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

प्राथमिकीकरणको निर्णय पेस गर्नुपर्ने भएकोले निम्न आयोजनाहरु प्राथमिकताको आधारमा सिफारिस गरिएको छः

१. जनता माध्यमिक विद्यालय, पालुङटार-२, भवानी माध्यमिक विद्यालय, पालुङटार-५ र अकला माध्यमिक विद्यालय, पालुङटार-८ को भौतिक तथा शैक्षिक पूर्वाधार सुधार।

२. धुन्धुरे खोला विपद जोखिम न्यूनीकरण, पालुङटार नगरपालिका वडा नं.२

## ४. निर्णय हुनेपर्ने व्यहोराः

संघीय विशेष अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८२/०८३ मा संचालन गरिने तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु देहाय बमोजिमको प्राथमिकतामा माग गर्ने निर्णय गर्नु पर्ने :-

१. जनता माध्यमिक विद्यालय, पालुङटार-२, भवानी माध्यमिक विद्यालय, पालुङटार-५ र अकला माध्यमिक विद्यालय, पालुङटार-८ को भौतिक तथा शैक्षिक पूर्वाधार सुधार।

२. धुन्धुरे खोला विपद जोखिम न्यूनीकरण, पालुङटार नगरपालिका वडा नं.२

<u>प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित</u>

मिति २०८१/१०/२८ गतेको नगर कार्यपालिकाको ९५औं बैठकमा प्रस्तावमा उल्लेख भए बमोजिमको योजना तथा कार्यक्रमहरु विशेष अनुदानका लागि माग गर्ने।

पातुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पातुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

२०८१।१०।२०

कमानसिं थापामगर

प्रमुख प्रशासकीय अधिकृत

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषय :- आर्थिक वर्ष २०८२/०८३को लागि संघीय समपुरक अनुदान मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रम छनौट तथा प्राथमिकीकरण सम्बन्धमा।**

कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति :- २०८१-१०-२४

**१. बिषयको संक्षिप्त विवरण :**

स्थानीय तहको सामाजिक, आर्थिक तथा पुर्वाधार विकासमा सन्तुलन कायम गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न न्यायोचित रुपले समपुरक अनुदान उपलब्ध गराउने सम्बन्धी राष्ट्रिय योजना आयोगले मिति २०८१/१०/१६ मा प्रकाशित सूचना अनुसार स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना तथा कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रम सँग दोहोरो नपर्ने गरी स्थानीय तहको हकमा सम्बंन्धित स्थानीय तहको कार्यपालिकाले आयोजना तथा कार्यक्रमको छनौट तथा प्राथमिकीकरणको निर्णय सहित मिति २०८१/११/१५ गते भित्र प्रस्ताव पेस गर्नुपर्ने भएकोले आयोजना छनौट तथा प्राथमिकीकरण गर्नुपर्ने भएको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :**

समपुरक अनुदान सम्बन्धी कार्यविधि २०८१ को दफा ४ मा स्थानीय तहले राष्ट्रिय योजना आयोग मार्फत समपुरक अनुदान माग गर्ने व्यवस्था रहेको।

**३. प्रस्ताव पेश गर्नुपर्ने कारण र सम्बन्धित शाखाको सिफारिसः**

राष्ट्रिय योजंना आयोगको मिति २०८१/१०/१६ मा प्रकाशित सूचना अनुसार समपुरक अनुदान मागका लागि प्रस्ताव पेश गर्न सम्बन्धित स्थानीय तहको कार्यपालिकाले आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी माग गर्ने निर्णय गर्नुपर्ने भएकोले कार्यपालिका वैठकबाट निर्णयका लागि DPR तयार रहेका २ वटा आयोजनाहरु सिफारिस गरिएको छ।

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

४. निर्णय हुनुपर्ने व्यहोराः

संघीय समपुरक अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८२/०८३मा सञ्चालन गरिने तपशिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिमको प्राथमिकता अनुसार माग गर्ने निर्णय गर्नुपर्नेः

१. लुइटेल ओप्रि कालामाटा सडक- पालुङटार नगरपालिका वडा नं. ४ र ६

२. सहिद स्मृति पार्क – पालुङटार नगरपालिका वडा नं. ४

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१/१०/२८ गतेको नगर कार्यपालिकाको ९५औं वैठकमा प्रस्तावमा उल्लेख भए बमोजिमको योजना तथा कार्यक्रमहरु समपुरक अनुदानका लागि माग गर्ने।

कमानसिं थापामगर
प्रमुख प्रशासकीय अधिकृत

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल


विषयः आर्थिक वर्ष २०८२/०८३को लागि संघीय विशेष अनुदान मार्फत सञ्चालन हुने योजना तथा कार्यक्रम छनौट तथा प्राथमिकीकरण सम्बन्धमा।

कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति :- २०८१-१०-२४

१. बिषयको संक्षिप्त व्यहोराः

आधारभूत सेवाको विकास र आपूर्ति तथा सामाजिक, आर्थिक रुपान्तरण मार्फत विभेद र बञ्चितिमा परेका वर्ग वा समुदायको उत्थान र विकस गर्न स्थानीय तहबाट संचालन गरिने आयोजना वा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गराउने सम्वन्धी राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ मा प्रकाशित सूचना अनुसार स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल संचालनमा रहेका आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी स्थानीय तहको हकमा सम्वन्धित स्थानीय तहको कार्यपालिकाले आयोजना वा कार्यक्रमको प्राथमिकीकरणको निर्णय सहित मिंति २०८१/११/१५ गते भित्र सम्म प्रस्ताव पेश गर्नु पर्ने भएकोले आयोजन तथा कार्यक्रम छनौट तथा प्राथमिकीकरण गर्नुपर्ने भएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः

विशेष अनुदान सम्वन्धी कार्यविधि, २०८१ को दफा ४ मा स्थानीय तहले राष्ट्रिय योजना आयोग मार्फत विशेष अनुदान माग गर्ने व्यवस्था रहेको ।

३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः

राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ मा प्रकाशित सूचना अनुसार विशेष अनुदान माग गर्न सम्वन्धित स्थानीय तहको कार्यपालिकाले आयोजना वा कार्यक्रमको

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषय:** पालुङटार नगरपालिकाको हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८१ पारित गर्ने

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०८१-१०-२४**

**१. बिषयको संक्षिप्त व्यहोराः**

पालुङटार नगरपालिकाको हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि सम्वन्धमा हिंसामा परेका पीडित तथा प्रभावितहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापना गर्ने, महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय वनाई प्रभावितहरुलाई क्षतिपूर्ति दिलाउने, स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको अवसर दिलाई लैङ्गिक समानता कायम गर्न सहयोग पुऱ्याउने, न्यायमा पहुँचको वृद्धि गर्ने सम्वन्धमा आर्थिक व्यवस्था गर्नु आवश्यक भएकोले कोषको स्थापना गरी सञ्चालन गर्ने उद्देश्यले कार्यविधि पारित गर्नको लागि यो प्रस्ताव पेश गरेको छ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

घरेलु हिंसा ( कसुर र सजाय) ऐन, २०६६ को दफा १२ मा सेवा कोषको स्थापना गर्ने व्यवस्था छ भने ऐ.ऐ को उपदफा १(क) मा स्थानीय तहले आफ्नो श्रोतवाट व्यवस्था गर्ने गरी स्थानीय कानून वमोजिम सेवा कोष स्थापना गर्न सक्नेछ भनेर व्यवस्था गरेको छ।

लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७ को नियम ३ (ख) मा स्थानीय तहले स्थानीय कानून बमोजिम लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

न्यायिक समितिले आफनो अधिकार क्षेत्रको विषयमा न्याय सम्पादन गर्ने क्रममा हिंसा (घरेलु हिंसा वा लैङ्गिक हिंसा ) सम्बन्धी निवेदन उपर काम कारवाही गर्दा हिंसा पीडित प्रभावितको लागि आर्थिक राहत तथा सहयोग पुऱ्याउनको लागि कोषको स्थापना गर्नु पर्ने महशुस गरेकाले न्यायिक सिमतिको आ.ब ०८१/०८२ को नीति तथा कार्यक्रममा हिंसा पीडित कोष भनेर कार्यक्रम रहेकोले उक्त कार्यक्रम कार्यान्वयन तथा कोष सञ्चालनको लागि कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफ २ ले दिएको अधिकार प्रयोग गरी कार्यपीलकाले कार्यविधि बनाउनको लागि यो प्रस्ताव पेश गरेको छ।

**४. निर्णय हुनेपर्ने व्यहोराः**

प्रत्येक व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाच्न पाउने अधिकारको सम्मान गर्दै घर परिवारसँग गासिएर वा घर परिवार बाहिरा हुने हिंसाजन्य कार्यलाई दण्डनीय बनाई त्यस्तो कार्य नियन्त्रण गर्न, हिंसाबाट पीडित प्रभावित व्यक्तिलाई संरक्षण गरी न्याय प्रदान गर्ने सम्वन्धमा आर्थिक व्यवस्था गर्नु आवश्यक भएकोले पालुङटार नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिार प्रयोग गरी **पालुङटार नगर कार्यपालिकाले पालुङटार नगरपालिकाको हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८१** पारित गर्ने निर्णय गरियो।

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८१-१०-२८ गतेकों नगर कार्यापलिकाको ९५ औ बैठकमा पालुङटार नगरपालिकाको हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०८१ पारित गर्ने सम्वन्धमा प्रस्ताव पेश भएकोमा सो कार्यविधिलाई सम्वन्धित विषयगत समितिमा छलफलका लागि पठाउने ।

२०८१।१०।२८

पालुङटार नगरपालिका नगर कार्यपालिकाको कार्यालय पालुङटार, गोरखा गण्डकी प्रदेश, नेपाल २०७३

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत